# अनुसूची २

(दफा ४ तथा अनुसूची (१) को भाग- २ सँग सम्बन्धित)


## विराटनगर महानगरपालिका

## स्थानीय राजपत्र

खण्डः७ सङ्ख्याः१४ प्रकाशित मितिः२०८१/११/२२


## भाग २

# स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८१

# स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८१

*कार्यपालिकाबाट स्वीकृत मितिः २०८१/१०/२३*
*प्रमाणीकरण मितिः २०८१/१०/२४*

**प्रस्तावनाः**

नेपालको संविधानमा उल्लेख भएको स्वास्थ्य सम्बन्धि मौलिक हक नगरवासीमा पुर्याउने उद्देश्यले बिराटनगर महानगरपालिका भित्र बसोबास गर्ने नागरिकको आधारभूत स्वास्थ्यमा सहज र सुलभ पहुँच एवम् गुणस्तरिय सेवा प्रदान गर्न स्थानीय सरकार संचालन ऐन, २०७४ को परिच्छेद ३, गाउँ तथा नगरपालिकाको काम, कर्तयव्य र अधिकारको दफा - ११ को उपदफा -४ खण्ड ख ले दिएको क्षेत्राधिकारमा रही बिराटनगर महानगरपालिकाले स्वास्थ्य बीमा सम्बन्धि कार्यक्रममा आवद्दता तथा व्यवस्थापन गर्न साथै सहजीकरण गरी स्वास्थ्य बीमा कार्यक्रममा अधिकतम नागरिकको पहुँच अभिबृद्धी गर्न वाञ्छनीय भएकोले बिराटनगर महानगरपालिकाले यो कार्यविधि बनाएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भ :

(१) यस कार्यविधिको नाम "स्वास्थ्य बीमा कार्यक्रम संचालन कार्यविधि, २०८१" रहेको छ ।

(२) यो कार्यविधि नगर कार्यपालिकाको बैठकबाट पारित भए पश्चात प्रारम्भ हुनेछ।

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

(क)"बीमा बोर्ड" भन्नाले नेपाल सरकार स्वास्थ्य बीमा बोर्ड सम्झनु पर्छ ।
(ख) "नगरपालिका" भन्नाले बिराटनगर महानगरपालिकालाई सम्झनु पर्छ।
(ग) "अस्पताल" भन्नाले बिराटनगर महानगरपालिकाले सञ्चालन गरेका अस्पतालहरुलाई सम्झनु पर्छ।

(घ) "बिमित" भन्नाले स्वास्थ्य बीमा ऐन २०७४ र स्वास्थ्य बीमा नियमावली २०७५ बमोजिम आवद्ध भएका व्यक्तिहरु सम्झनु पर्छ र सो शब्दले यस कार्यविधि बमोजिम स्वास्थ्य बीमामा आवद्ध भएका व्यक्तिलाई जनाउने छ ।

(ङ) "लक्षित वर्ग " भन्नाले नेपाल सरकार तथा बिराटनगर महानगरपालिकाले पहिचान गरेका अति विपन्न, विपन्न, असक्त, असहाय, लैंगिक हिंशा पिडित, लोपोन्मुख वर्ग, सिमान्तकृत वर्ग लगायतका समदुाय बिराटनगर महानगरपालिका भित्र बसोबास गर्ने नेपाली नागरिक सम्झनु पर्छ ।

(छ) "निर्देशक समिति" भन्नाले यस कार्यविधिको दफा ७ अनुसार गठित निर्देशक समिति सम्झनु पर्छ।

(ज) "अनुगमन समिति" भन्नाले यस कार्यविधिको दफा ९अनुसार गठित अनुगमन समिति सम्झनु पर्छ ।

(झ) "वडा कार्यालय" भन्नाले बिराटनगर महानगरपालिकाका वडा कार्यालयहरु सम्झनु पर्छ।

(ञ) "व्यवस्थापन समिति" भन्नाले प्रचलित कानुन बमोवजम गठित बिराटनगर महानगरपालिका अन्तर्गतका अस्पतालहरुको संचालन तथा व्यवस्थापन समिति सम्झनुपदर्छ।

(ट) "महाशाखा "भन्नाले बिराटनगर महानगरपालिका अन्तर्गतको स्वास्थ्य सम्बन्धी विषय हेर्ने महाशाखा सम्झनु पर्छ।

(ठ) "दर्ता सहयोगी" भन्नाले स्वास्थ्य बीमा नियमावली २०७५ बमोजिम नियुक्त दर्ता सहयोगीलाई जनाउने छ ।

## परिच्छेद-२

## स्वास्थ्य बीमा कार्यक्रमको उद्देश्य

**३. कार्यक्रमको उद्देश्य:** स्वास्थ्य बीमा कार्यक्रमको उद्देश्य देहाय बमोवजम हुनेछ ।

(क) लक्षित वर्ग तथा समुदायलाई सहज र सर्वसुलभ स्वास्थ्य सेवामा पहुँच उपलब्धि गराउन तथा स्वास्थ्य समस्याको जटिलता कम गर्न बिराटनगर महानगरपालिका अन्तर्गतका अस्पताल र रेफरल सेन्टरसम्म सहजिकरण तथा व्यवस्थापन गर्ने

(ख) नगरवासीलाई सहज र व्यवस्थित रुपमा स्वास्थ्य सेवा उपलब्ध गराउने

(ग) समयमै रोगको निदान एवम् उपचार गरी जटिलता र मृत्युदरमा कमी ल्याउने

(घ) लक्षित वर्ग तथा समुदायलाई स्वास्थ्य बीमामा आबद्ध गराउनका लागि आर्थिक सहयोग तथा अनुदान उपलब्ध गराउने

(ङ) स्वस्थ व्यक्ति र स्वस्थ समुदाय निर्माण गरी समृद्द र सुखी नगरवासी बनाउन सहजीकरण गर्ने

(च) अस्पतालमा रहेको स्वास्थ्य सेवालाई स्तरोन्नती गरी दक्ष जनशक्ति र पूर्वाधार व्यवस्थापन गरी गुणस्तरिय स्वास्थ्य सेवा सहज र सर्वसुलभ बनाउने

## परिच्छेद-३

## कार्यक्रम संचालन प्रकृया

४. **कार्यक्रम संचालन तथा व्यवस्थापन:** नगरपालिकाबाट पहिचान गरिएका लक्षित वर्गका नागरिकहरुलाई वडा कार्यालयको सिफारिस र यस कार्यविधि अनुसार गठित निर्देशक समितको निर्णयका आधारमा स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराईनेछ ।

**५. कार्यक्रममा आवद्ध हुने प्रक्रिया :**

**(१)** बिराटनगर महानगरपालिका मार्फत अनुदान सहयोग लिई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनका लागि अनुसुची १ र २ बमोजिमको फारम भरी वडा कार्यालयमा पेश गरि वडा कार्यालयको सिफारिस सहित वडा कार्यालयले बिराटनगर महानगरपालिकामा विवरण पेश गर्नु पर्नेछ ।

**(**२) दफा १ बमोजिम पेश हुन आएका निवेदन पुरा भएमा नगरपालिकाले स्वास्थ्य बीमा कार्यक्रममा लक्षित वर्गको पहिचान गरी ५ जना सम्मको परिवारका लागि आर्थिक अनुदान उपलब्ध गराई स्वास्थ्य बीमा कार्यक्रममा प्रथम बिन्दु बिराटनगर अन्तर्गतका अस्पताल उल्लेख गरी बिमित गराईनेछ ।

**(३)** कार्यक्रममा सेवाग्राहीको सहभागिताका लागि दर्ता सहयोगीको परिचालन गरिनेछ।

## परिच्छद-४

## आर्थिक सुहलियत सम्बन्धि व्यवस्था

**६. बीमा उपलब्ध गराईने :** (१) नगरपालिकाले यस कार्यविधि मार्फत् स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनका लागि देहाय बमोवजमको व्यक्ति तथा परिवारलाई उपलब्ध गराउने छ ।

(क)अति विपन्न वर्ग; आर्थिक अवस्था कमजोर भएको, नियमित स्थाई आम्दानीको स्रोत नभएको, परिवारको सदस्यको रोजगारि नभएको, आफ्नो आम्दानीले प्रायाप्त पोषण युक्त खाना, लत्ता कपडा, बास, स्वास्थ्य र शिक्षा नपुग्ने पररिवार ।

(ख)असक्त, असाहय, लैंगिक हिंशा पिडित, लोपोन्मुख वर्ग, सिमान्तकृत वर्ग

(ग)स्थाई बासिन्दा वा बसाई सराई अनिवार्य हुनुपर्ने। (स्पष्टिकरणः स्थाइ बासिन्दा भन्नाले बिराटनगर महानगरपालिका स्थायी ठेगाना भएको वा बसाई सराई गरी बिराटनगर महानगरपालिका अन्तर्गत बसोबास गरेको।)

(२) स्वास्थ्य बीमाका लागि उपलब्ध गराईने आर्थिक अनदुान रकम दर्ता सहयोगी वा स्वास्थ्य बीमाका आधिकारीक प्रतिनिधी मार्फत स्वास्थ्य बीमा बोर्डमा निकासा गरी भुक्तानीको व्यवस्था मिलाईनेछ ।

## परिच्छेद-५

## निर्देशक समिति सम्बन्धि व्यवस्था

**७. निर्देशक समितिको गठन :**

(१) यस कार्यक्रम सञ्चालन, व्यवस्थापन, निर्देशन, समन्वय समेत गर्नका लागि देहाय बमोजिम निर्देशक समिति गठन हुनेछ ।

(क) नगर प्रमुख, बिराटनगर महानगरपालिका -संयोजक

(ख) प्रमुखले मनोनित गरेको कुनै एक वडाका अध्यक्ष, बिराटनगर महानगरपालिका - सदस्य

(ग) प्रमुखले मनोनित गरेको प्रतिनिधि एक जना, सेवा प्रदायक संस्था, बिराटनगर महानगरपालिका -सदस्य

(घ) प्रमुखले मनोनयन गरेको स्वास्थ्य क्षेत्रको अनुभव हासिल गरेका एक र महिला स्वयंसेविका सहित दुई जना, बिराटनगर महानगरपालिका: - सदस्य

(ङ) उप प्रमुख, बिराटनगर महानगरपालिका - सदस्य

(च) प्रमुख प्रशासकीय अधिकृत, बिराटनगर महानगरपालिका -सदस्य

(छ) दर्ता अधिकारी स्वास्थ्य बीमा बोर्ड, बिराटनगर महानगरपमलिका -सदस्य
(ज) महाशाखा प्रमुख, स्वास्थ्य विषय हेर्ने बिराटनगर महानगरपालिका -सदस्य सचिव

१. निर्देशक समितिले आवश्यक सहजिकरणका लागि वडाध्यक्ष तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाका प्रतिनिधीलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

२. निर्देशक समितिको बैठक आवश्यकता अनुसार वर्षमा कम्तिमा चार पटक बस्नेछ ।

३. निर्देशक समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले तोके बमोजिम हुनेछ ।

४. सदस्य सचिवले बैठकको कार्यसुचि संयोजकको स्वीकृतिमा तय गर्नु पर्नेछ ।
५. संयोजकले तोकेको समय र स्थानमा वैठक बस्नेछ ।
६. सदस्यहरुलाई बैठक वस्ने जानकारी र वैठकमा पेश हुने कार्यसुचि सामान्यतया तीन दिन अघि दिनु पर्नेछ तर कुनै खास विषयमा चौबिस घण्टा अघि जानकारी दिई वैठक वस्न वाधा पर्ने छैन ।
७. वैठकको निर्णय बहुमतबाट हुनेछ र सदस्य सचिवले वैठकको निर्णय प्रमाणित गर्नेछन्।
८. बैठक बसेको दिनमा पदाधिकारीले प्रचलित नियम बमोजिमको वैठक भत्ता पाउनेछन् ।

८. **निर्देशन समितिको काम, कर्तव्य र अधिकार** : निर्देशन समितिको काम, कर्तयव्य र अधिकार देहाय बमोवजम हुनेछ:

(क) स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध हुनका लागि वडा कार्यालयबाट सिफारिस भई पेश हुन आएका विवरण तथा निवेदनहरुलाई आवश्यक सिफारिस सहित सहुलियत उपलब्ध गराई स्वास्थ्य बीमा कार्यक्रममा बीमित गराउन निर्णय गर्ने

(ख) स्वास्थ्य बीमा कार्यक्रमका लागि सहजिकरण गर्ने वडा कार्यालय, अस्पताल, दर्ता सहयोगी र अन्य कर्मचारीहरुलाई निर्देशन गर्ने

(ग)दफा ६ अनुसार पहिचान भएका नगरवासीहरुलाई वर्गिकरणका आधारमा आर्थिक सुहलियत उपलब्ध गराई स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध गराउन व्यवस्था मिलाउने

(घ) वडा कार्यालय, स्वास्थ्य शाखा र बिराटनगर महानगरपालिका अन्तर्गतका अस्पताललाई यस कार्यविधि मार्फत भए गरेका उपलब्धीहरुको अभिलेखिकरण गर्न लगाई समय मै प्रतिवेदन पेश गर्ने व्यवस्था मिलाउने

(ङ) कार्यक्रमको कार्यान्वयन गर्नका लागि विभिन्न निकाय, संघसंस्थाहरु सँग समन्वय गर्ने

(च) कार्यक्रम संचालनका लागि अन्य आवश्यक कार्य गर्ने

## परिच्छेद-६
## अनुगमन समिति सम्बन्धी व्यवस्था

**९. अनुगमन समितिको गठन:**

(१) यस कार्यक्रम सञ्चालन, व्यवस्थापन, निर्देशन, समन्वय समेत गर्नका लागि देहाय बमोजिम अनुगमन समिति गठन हुनेछ ।

(क) नगर उप प्रमुख, बिराटनगर महानगरपालिका: संयोजक

(ख) प्रमुख प्रशासकीय अधिकृत, बिराटनगर महानगरपालिका: सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृतले तोकेको अधिकृत, बिराटनगर महानगरपालिका: सदस्य

(घ) आर्थिक प्रशासन महाशाखा प्रमुख, बिराटनगर महानगरपालिका: सदस्य

(ङ) स्वास्थ्य महाशाखा प्रमुख, बिराटनगर महानगरपालिका: सदस्य सचिब

(२) अनुगमन समितिले आवश्यक सहजिकरणका लागि वडा अध्यक्ष तथा अन्य सरोकारवाला व्यक्ति वा संस्थाका प्रतिनिधिलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) अनुगमन समितिको बैठक महिनामा कम्तिमा एक पटक बस्नेछ ।

(४) अनुगमन समितिको बैठक सम्बन्धि कार्यविधि समिति आफैंले तोकेबमोजिम हुनेछ ।

**१०. अनुगमन समितिको काम, कर्तव्य र अधिकार** : अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ ।

(क) नगरपालिकाबाट संचालित स्वास्थ्य बीमा अनुदान कार्यक्रमको संचालन तथा गतिविधीको अनुगमन गर्ने

(ख) निर्देशन समितिलाई सल्लाह र सुझाव दिने

(ग) कार्यान्वयन तथा सहजिकरण गर्ने निकायहरुलाई अनुगमन तथा निर्देशन दिने

## परिच्छेद-७

## सोधभर्ना रकम खर्च मापदण्ड

**११.स्वाथ्य बीमा बोर्डबाट प्राप्त सोधभर्ना रकम खर्च निम्न बमोजिम खर्च गर्न मिल्ने छ:**

(क) औषधी -३५%

(ख) औजार उपकरण -३०%

(ग) जनशक्तिमा -१५%

(घ) प्रोत्साहन भत्तामा -१०%

(ङ) प्रशासनिक खर्च -१०%

१०% सम्म स्वास्थ्य संस्था व्यवसाथपन समिति- अस्पताल व्यवसथापन समितिलाई थपघट गर्नसक्ने व्यस्था गर्न सक्ने छ।

## परिच्छेद-८

## विविध

**१२.बजेट व्यवस्थापनः**

(१) यो कार्यविधि प्रारम्भ हुदाँका वखत स्वास्थ्य बीमा कार्यक्रमका लागी नगरपालिका तथा वडा स्तरबाट विनियोजन भएको रकम यस कार्यविधि बमोजिम विपन्न नागरीक स्वास्थ्य बीमा कार्यक्रम मार्फत बजेट व्यवस्थापन गरिनेछ ।

(२) प्रत्येक वर्ष अघिल्लो आ.व. सम्ममा स्वास्थ्य बीमामा आवद्धता गराइएका विपन्न नागरिक तथा परिवारको संख्याको आधारमा नविकरणको लागी प्रयाप्त वजेट तथा चालु आ.व.मा स्वास्थ्य

बीमा कार्यक्रममा नयाँ आवद्धताका लागी आवश्यक रकम पालिका नगर सभाले विनियोजन गर्नेछ।

(३) स्वास्थ्य बीमा संयोजन समिति सन्चालनको लागि आवश्यक खर्चको व्यवस्था पालिकाले गर्नेछ ।

**१३. सम्पर्क तथा सहजिकरण शाखाको जिम्मेवारीः** विपन्न स्वास्थ्य बीमा कार्यक्रम संचालन तथा सहजिकरणका लागि नगरपालिकाको स्वास्थ्य महाशाखाले सम्पर्क तथा सहजीकरण शाखाको रुपमा कार्य गर्ने छ ।

**१४.प्रतिवेदनः** विपन्न नागरिक स्वास्थ्य बीमा कार्यक्रमको प्रतिवेदन तथा विमितहरुको सुचि स्वास्थ्य शाखाले तयार गरी नगरपालिकाको वेवसाइट मार्फत बार्षिक रुपमा सार्वजनिक गर्नु पर्नेछ ।

**१५.प्रचलित कानुन बमोजिम हुनेः** यस कार्यविधिमा लेखीएका कुराहरु यसै कार्यविधि बमोजिम तथा अन्य बिषयको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१६. अस्पताल जिम्मेवार हुने :**

(१) कार्यक्रम कार्यान्वयन गर्ने सम्बन्धमा बीमितको उपचार व्यवस्थापनका लागि अस्पताल जिम्मेवार हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएता पनि अस्पतालको प्रेषणमा अन्य अस्पतालमा उपचार गर्न बाधा पर्ने छैन ।

**१७. अन्य:**

(१) बिराटनगरमा प्रथम सेवा बिन्दु बिराटनगर महानगरपालिका अन्तर्गतका अस्पताल हुनेछ।

(२) स्वास्थ्य बीमा गर्न ५ जना सम्मको परिवारको रु ३५०० थप परिवारको प्रति व्यक्ति रु७०० का दरले लागनेछ।

(३) स्वास्थ्य बीमा सदस्यता दर्ता अवधि र सेवा शुरु हुने मिति निम्न बमोजिम हुनेछः

| सदस्यता दर्ता अवधि | सेवा शुरु हुने मिति |
|---|---|
| बैशाख, जेष्ठ र असार महिना | भदौ १ गते |
| श्रावण, भाद्र र असोज महिना | मंसिर १ गते |
| कार्तिक, मंसिर र पौष महिना | फाल्गुन १ गते |
| माघ, फाल्गुन र चैत्र महिना | जेष्ठ १ गते |

**१८. खारेजी, बचाउ तथा संशोधनः**

(१) यस कार्यविधिमा लेखिएको कुनै विषय प्रचलित कानूनसंग बाझिएमा बाझिएको हद सम्म अमान्य हुनेछ ।

(२) स्वास्थ्य बीमा संचालन तथा समन्वय कार्यविधि, २०७७ बमोजिम भए गरेका काम कारबाही यसै कार्यविधि अनुरुप भए गरेको मानिनेछ ।

(३) यस अघि भए गरेका स्वास्थ्य बीमा संचालन तथा समन्वय, व्यवस्थापन र आर्थिक सहुलियत अनुदान सम्बन्धि काम कारबाही यसै कार्ययविधि अनुरुप भएको मानिनेछ ।

(४) यो कार्यविधि आवश्यकता अनुसार संशोधन तथा परिमार्जन गर्न सक्नेछ ।

## अनुसुची: १

मिति :

श्री वडा अध्यक्षज्यू,
बिराटनगर महानगरपालिका वडा नं ...... को कार्यालय।

विषय : स्वास्थ्य बीमा सहुलियत अनुदान का लागि सिफारिस सम्बन्धमा।

उपरोक्त सम्बन्धमा , बिराटनगर महानगरपालिका वडा नं. .........., मोरङ्ग निवासी म ....................................... वर्ष.............. को पुरुष/महिला परिवारका लागि अस्पतालमा जाँच तथा उपचार गराउनका लागि सहज र सर्वसुलभ बनाउन स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भई बीमित हुनु पर्ने भएकाले मेरो आर्थिक अवस्था कमजोर रहेकोले स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराईदिनु हुनुका लागि आवश्यक कागजातहरु यसै साथ संलग्न राखी बीमा सहुलियत अनुदान का लागि सिफारिस गरिदिनुहुन अनुरोध गर्दछु ।

संलग्न कागजातहरु :

१. आर्थिक अवस्था पहिचानका लागि, बिराटनगर महानगरपालिकाले उपलब्ध गराएको परिचय पत्र वा अवस्था पहिचानको परिचय पत्र
२. नेपाली नागरिकताको प्रतिलिपी/जन्मदर्ता/विवाहदर्ता

निवेदक
नाम:
ठेगाना :
हस्ताक्षर:

अनुसुची: २

मिति :

श्री बिराटनगर महानगरपालिका नगर कार्यपालिकाको कार्यालय,

बिराटनगर, मोरङ्ग ।

विषय : सिफारिस गरिएको सम्बन्धमा ।

प्रस्तुत विषयमा बिराटनगर महानगरपालिका वडा नं. .......... मोरङ्ग निवासी ........................................ वर्ष ............... को पुरुष/महिला परिवारका लागि अस्पतालमा जाँच तथा उपचार गराउनका लागि सहज र सर्वसुलभ बनाउन स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भई बीमित हुनु पर्ने भएकाले निजको आर्थिक अवस्था कमजोर रहेकोले स्वास्थ्य बीमा कार्यक्रममा समावेश गराईदिनु हुनका लागि आवश्यक कागजातहरु यसै साथ संलग्न राखी बीमा सहुलियत अनुदानका लागि सिफारिस माग भई आएकोले सोही बमोवजम सिफारिस गरिएको व्यहोरा अनुरोध छ ।

.....................................

वडाध्यक्ष

आज्ञाले,

राजेन्द्र पराजुली

प्रमुख प्रशासकीय अधिकृत